हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : १७२ पृष्ठ : ४ २०७७ माघ १० गते शनिबार (Saturday 23 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

•रोकिएन जंगली हात्तीको उपद्रो•

## सिरहाको उत्तरवर्ती चुरे क्षेत्र जाडोयाममा बर्सेनि हात्तीको त्रासमा





**लहान ।** सिरहाको कर्जन्हा नगरपालिका-२ बन्दीपुरमा जंगली हात्तीले स्थानीय बस्तीमा पसेर घर भत्काउनाका साथै अन्नबाली नष्ट गरेको छ ।

विगत तीन चार दिनदेखि हात्तीले गाउँमा स्थानीयवासीका घर भत्काएर धान, चामलका ढुकुटी नष्ट गरेको स्थानीयवासी शिव अञ्जनी दाहालले जानकारी दिइन् । सो क्षेत्रमा दिनहुँ तीन चार वटा जंगली हात्ती गाउँमा पसेर घर भत्काउने र अन्नबाली नष्ट गरिरहेका छन् ।

हात्तीले स्थानीयवासी प्रकाश काफ्ले, सुदर्शन काफ्लेलगायतका १० घर भत्काएको र घरभित्रका धान चामल नष्ट गरेको दाहालले बताइन् ।

हात्तीले केराबारी तथा धानबाली पनि नष्ट गरेका छन् । दिउँसो उखुबारी लगायत जंगल क्षेत्रमा लुकेर बस्ने र रातको समयमा घर बस्तीमा पसेर हात्तीले आतंक नै फैलाएपछि गाउँले त्रसित भएका छन् ।

हात्तीको आक्रमणबाट हुने क्षति रोक्नका लागि स्थानीय प्रशासनले आवश्यक पहल भइरहेको जनाएको छ ।

सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलले हात्ती नियन्त्रणका लागि सबैखाले उपाय अवलम्बन गरिएको

———— बाँकी ४ पेजमा

**नेपाल विद्युत प्राधिकरण**
(नेपाल सरकारको स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. २ प्रादेशिक कार्यालय जनकपुर
लहान वितरण केन्द्र, लहान

सूचना ! सूचना !! सूचना !!!

**अत्यन्त जरुरी सूचना !!!**

प्रस्तुत विषयमा मिति २०७७/१०/१० गते शनिवार लहान ग्रीड (सब-स्टेशन) अवस्थित ३३ के.भि. क्षतिग्रस्त Twin Conductor Bus Bar बदली कार्यहुने भएकोले विहान १०:०० देखि १६:०० बजे सम्म सम्पूर्ण फिडरहरु पूर्ण रुपमा बन्द रहने व्यहोरा ग्राहक वर्गहरुमा जानकारीको लागि अनुरोध गरिन्छ । यसबाट ग्राहक वर्गहरुमा हुनजाने असुविधा प्रति लहान वितरण केन्द्र क्षमाप्रार्थी छ ।

नोट : उपरोक्त कार्य निर्धारित समय भन्दा पहिले नै सम्पन्न भएमा लाईन संचालन गरिनेछ ।

नेपाल विद्युत प्राधिकरण
लहान वितरण केन्द्र
लहान, सिरहा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller

हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोबाईल :- ९८०११५१४३८

**बगैंचा सहितको जग्गा बिक्रीमा**
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०



Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## चौबटिया

# पण्डित जी'क तोता



दिनेश यादव

एकगोट मनुक्खके देखते
पण्डित जी'क तोता
अनाहक कहैछ- 'धूर मुर्ख !',
ई सुनिते मनुक्ख आबाक छै,
प्रतिउत्तरक अवस्था गौण छै,
मुदा मनेमन बोली अपन गुनगुनाई छै,
कियैक त ओ मनुक्ख छै ।१।

पिजडामे बन्द तोता
मनुक्खके देखते
फेर कहैछ- 'धूर अज्ञानी !'
ई सुनिते मनुक्ख स्तब्ध छै,
अनाहक मथापिच्चीमे डुइब जाई छै,
तईयो अपनाके सम्हारैत बाट चलैत छै,
कियैक त ओ मनुक्ख छै ।२।

दोसरके दानापानी पर जीवित तोता
मनुक्खके देखते
चिच्चियाबैत कहैछ- 'धूर बौका !'
ई सुनिते मनुक्खक मियाद गरम छै,
मुदा कहूँना-कहूँनाके शान्त छै,
अपन मिसनमे दत्तचित्त छै,
कियैत त ओ मनुक्ख छै ।३।

आनक बोली बोलैवला तोता,
मनुक्खके देखते
हिहिंआएत कहैछ- 'धूर नामर्द !'
ई सुनिते मनुक्ख निराश छै ,
मुठीभरि लोकक कुकृत्यसं चिन्तित छै,
मुदा बखारीभरि लोकक मुंह खुजत से विश्वासमे छै,
कियैत त ओ मनुक्ख छै ।४।

बहसल जाइत छल तोता ,
तब, सिकायत भेल पण्डित जी'सँ,
रामधुलाईमे तोता छै,आब बनल ऊ मौन छै,
मुदा मनुक्ख ओकरा घुरि-घुरि देखैत छै,
तब हंसैत तोता कहैछ-
'बौआ, आब बुझनामे आइब गेल हेतौ ,
हम तोता तों मनुक्ख छें' ।५।

पण्डित जी'क तोता,
साँच्चे, मलिकबासँ कम कहाँ छै,
उलहन पर सेहो महान छै,
'उल्टे चोर कोतबाल'के डाँटैत छै,
माईर खेलाके बादो अपनाके पैघ मानै छ,
कियैक त ऊ पण्डित जी'क तोता छै,
तें ऊ ओकरे भाषा बोलै छै ।६।

# थारु साहित्यके उपन्यास ओ उपन्यासकार



कृष्णराज सर्वहारी

**उपन्यासके ओंरि**

थारू साहित्यमे आख्यानके ओंरि रामप्रसाद राय थारूके 'थरूहट के बउवा और बहुरिया' पोस्टा कैल (सर्वहारी, २३ः २०७०) । मने रामप्रसाद रायके थरूहट के बउवा और बहुरिया (२०१९) हे महेश चौधरी गीति नाटक कहले बटाँ । डा.गणेश खरालके अन्सार फेन वर्नन सैलिमे ढेर आख्यानात्मकता मिल्ना इ पोस्टा हे गीति नाटकके रूपमे लेहे ओ बेल्से सेक जाइठ (खराल, २०५८ः ३८) । मुले भोजपुरी भासि इहिहे भोजपुरी भासाके पहिला उपन्यासके रूपमे चिन्हैटि आइल बटा । नेपाल प्रज्ञा प्रतिष्ठानसे इ पोस्टाके नेपाली भासामे भउचप्रसाद यादव उल्ठा कर्ले बटाँ । पोस्टाके उल्ठाके भुमिकामे इहि भोजपुरी भासाके विश्वके पहिला उपन्यास डाबि कैगैल बा । बाराके रामप्रसाद राय लिख्लक इ पोस्टाके बारेमे बाराके जो स्रस्टा हृदयनारायण चौधरी इ पोस्टा बारा जिल्लामे बोलजैना थारू भासामे लिखगैल बटइठाँ । ओसिन टे तेजनारायण पज्जियारके बुद्धके जिवनी (२०४९) पोस्टाहे फेन सियाराम चौधरी उपन्यासओर केन्द्रिट पोस्टा बटैले बटाँ ।

थारू सामान्य ज्ञान अनुसार (२०७३) थारू भासाके पहिल उपन्यास कृष्णराज सर्वहारीके २०५५ सालमे लिख्लक फुटल करम मान्जाइठ् । २०१९ सालमे रामप्रसाद रायक लिख्लक 'थरूहट के बउआ और बहुरिया' पोस्टाहे भोजपुरीभासि लोग दावी करेहस् भोजपुरी उपन्यास मन्ना हो कलेसे फुटल करम थारू भासाके पहिल उपन्यास ठहरे सेकठ् ।

असिक फुटल करमहे आधार मन्ना हो कलेसे फेन थारू साहित्यमे उपन्यास लेखनके पैला २२ बरसके युवावस्ठामे गोर टेक्ले बा । इ २२ बरसमे जम्मा १५ ठो थारू उपन्यास प्रकासन हुइल बिल्गठ । अनुसन्धानके क्रममे कुछ सुचि छुटे फेन सेकठ । असिक सरडर डेढ बरसमे एक थारू उपन्यास अइटि रहल अवस्ठा बा । इ आलेखमे थरूहट के बउआ और बहुरिया' पोस्टा के सामान्य चिनारि ओ आउर थारू उपन्यासके सामान्य चर्चा कैगैल बा ।

**आउर उपन्यास**

छविलाल कोपिला, मनिराम चौधरी, श्रीराम चौधरी, अमरिका थारू, भोजराज चौधरी, प्रेमलाल दहित, आदर्श बान्धव, हरि आसमा महतो, राजकुमार कठरिया, संजिप चौधरी, लाहुराम चौधरी जहर, गणेश चौधरी सवरिया हस लावा उपन्यासकार जल्मल बटाँ । यहाँ २०७४ सालसम प्रकासित थारू उपन्यासके सूची डे गैल बा । टेबल १ हेरेबेर कैलाली ओ डाङदेउखुरके स्रष्टन उपन्यास लेखनमे आगे बिल्गैठाँ ।

फुटल करम बाहेक सर्वहारीके 'गन्तब्य' (२०५९) उपन्यास थारू समुडाय अन्टर्गट मुक्त कमैयाके बिसयबस्टुमे आढारिट उपन्यास हो । मने इ नेपाली भासामे बा । नेपाल संस्कृत विश्वविद्यालयके पाठ्यक्रमके लग उ थारू भासक 'लाल करेनि' उपन्यास २०६३ सालमे बुझैले रहिट । इ २०६४र२०६५ मे कैलालीके हमार पहुरा दैनिकमे धारावाहिक रूपमे छाप गैल । पोस्टाके रूपमे भर २०७४ सालमे प्रकासित हुइल । असिक नेपाली ओ थारू उपन्यासके पोस्टा गन्ना हो कलेसे संख्याके दृष्टिसे सर्वहारी आगे बटाँ ।

मनिराम चौधरीके बिधवा (२०५७) थारू भासाके डुसरा उपन्यास हो । ओस्टक छविलाल कोपिलाके मुक्तिक खोज (२०५९) थारू भासाके टिस्रा उपन्यास हो । लम्मा खिस्सहस लग्ना २०र२२ पृस्ठके इ उपन्यासमे उपन्यासकारलोग डेहे खोज्लक ढेर चाज छुटल बा । उपन्यासमे पैना तत्व फेन कम बा । कोपिलाके चुरिनियाँ (२०६९) उपन्यास नेपाली भासामे फेन छपल बा । हुँकार भयाँवन रात (२०६६) उपन्यास पोस्टाके रूपमे नै हुके लौव अग्रासन साप्ताहिकमे धारावाहिक रूपमे छपल बा ।

ओसिन टे २०६२ सालमे थारू भासक उपन्यास हरि आसमा महतोके 'आत्मा भितरक गाथा भेलई जिन्गीक काथा' ओ आदर्श बान्धवके 'चमेलिया' (२०६२) प्रकासित बा । महतो आपन लघु उपन्यासमे गजल ओ खेल संग्रह समेट समावेस कैके पोस्टाहे खिचरि बनैले बटाँ । कैलालीक भोजराज चौधरी तिरिया जलम (२०६३) उपन्यास प्रकासन कैले बटाँ । यम्हे पात्रलोगनके मार्फत् थारू समुदायके सक्कु टिउहारके बारेमे चर्चा कैना प्रयास कैल बा । कैलालीक शर्मिला चौधरी 'सृष्टि' 'दुःखके हल्कोरा' (२०६४) लिखके पहिल थारू नारी उपन्यासकारके रूपमे नाउँ दर्ता कैले बटि । दुःखके हल्कोरा'मे नारी वेदनाके पोक्रि बा ।

ओस्टक कैलालीके उपन्यासकार राजकुमार कठरियाके निराशी जीवन (२०६४), संजिप चौधरीके जलमके दुखियारी (२०६५), लाहुराम चौधरी (जहर)के भुलाइल डगर (२०६५), गणेश चौधरी सवरियाके जित्तल पटुहिया (२०७०), डाङदेउखरके उपन्यासकार श्रीराम चौधरीके भ्फ्टल परेउना (२०६४) अन्य प्रकासित उपन्यास हो ।

लीलबहादुर क्षेत्रीक् नेपाली भासामे लिखल बसाइँ उपन्यासहे कृष्णराज सर्वहारी छारा सिर्सकमे थारू भासामे अनुवाद कैके उपन्यास बिधाहे फराक कैना कामके गोरि डर्ले बटाँ । इ उपन्यासके उल्ठा २०७६ सालमे नेपाल प्रज्ञा प्रतिष्ठानके अनुवाद विभागसे स्विकृट हुइल बा ।

हाल गजल, मुक्तकमे लग्ढारे कलम चलैटि रहल स्रस्टा गणेश वर्तमान थारू भासाके उपन्यासके पान्डुलिपि टयार रहल जनैले बटाँ । शेखर दहित, नरेश लाल कुसुम्या, सोम डेमनडौरा लगायट खिस्सा लिख्टि रहल स्रस्टालोग उपन्यासमे पौलि डारे पर्ना बिल्गाइठ ।

**निम्जौनि**

कविता, गजल, मुक्तकके फँट्वामे थारू साहित्य रफ्टार ले सेक्ले बा । मने उपन्यासके संख्या सोचलहस बढ्ढे नै सेकल हो । ओहेसे थारून्के असलि खिस्सा उजागार हुइ नै सेकठो । स्रस्टालोगन आपन समाजके बल्गर, भटकल बाटके बृहत बयान कर्ना उपन्यास बिधा सहि माध्यम हो । सायड यकर समालोचकिय व्याख्या, विस्लेसनके कमिके कारन फेन उपन्यासकारलोग संख्या बढ्न्हम चिल्वास ने डेहठुइट ।

थारू साहित्यके आख्यान अन्टर्गट उपन्यास किल नाहि खिस्सा बिधामे फेन समय अनुसारके चिन्तनके अभाव डेख परठ् । कमैया मुक्तिके घोसना हुइलक डुइ डसक पार हु सेकल । मने आख्यानमे कमैया पात्र जिमडारसे दुःख पैलक निरिह पात्रके रूपमे रहल पुरान प्रसंग मिलठ् । आख्यानमे क्रान्तिकारी कमैया, कमलहरी पात्रके अभाव बा ।

१० बरसके जनयुद्धमे हजारौ थारू बलिदानी डेलेसे फेन उ बिसय केन्द्रित आख्यानके पुरापुर अभाव बा । साहित्यकार सुशील चौधरीके प्रश्न बटि- थारू स्रस्टन आब युगके माग अनुसार कलम चलैना सुरु करे पर्ना कि नै ? निर्नायक तहमे थारून्के पहुँच नै हुके ओइनके विकासके काम हुइ नै सेक्लक अवस्थाहे आत्मसात कर्टि निगाहवादके विरोधमे आपन शब्द का करे नै बेल्सना ? सम्मानपूर्ण जिन्गिक लग, मानव अधिकारके लग का करे साहित्यिक आन्दोलन नै उठैना ? (चौधरी, २०६२ः ४) ।

बर्दियाके अख्वारी द्वैमासिक मार्फत् पहिल फेरा थारू साहित्यमे सत्वार्टन चिन्तन बिसयक् अन्तर्क्रिया कार्यक्रम गुलरियामे २०७२ कात्तिक २९ मे हुइल रहे । टब्बे चर्चा उठल कि थारू साहित्यमे सत्वार्टन पात्रलोग ढेर बटाँ । मने ओइने विद्रोही हुइ नै सेकठुइट् । जब कि यथार्थ का हो कलेसे माओवादीक १० बर्षे युद्धमे हताहत हुइइया सबसे ज्यादा थारू समुदायके रहिट ।

थारू साहित्यके स्रोत नेपालभर किल हो । भारतमे लाखौंके संख्यामे थारून्के बसोबास रहलेसे फेन उहाँ थारू भासा नै बोल्ठाँ । सबसे ज्यादा बस्ती रहल भारतके चम्पारनके थारू भोजपुरी भासा बोल्ठाँ । थारू साहित्यमे डायस्पोरा साहित्य बिल्गैना फोहिक बाट हो । कामके सिलसिलामे बहुट देशमे बसोबास कैना थारू ओहाँसे गजल, मुक्तक लगायत साहित्य सिर्जना कैटि बटाँ । मुले आख्यानमे कलम चलैलक नै बिल्गैठाँ । अमेरिकामे

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट औँटेको काम सफल हुनेछ । धार्मिक यात्राको योग र दैनिक कार्यमा प्रगति हुनेछ ।

**वृष** :- मनोरञ्जनमा सहभागी भइएला । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । रमणीय र सुखद् यात्राको योग छ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**मिथुन**:- आज सामान हराउने वा चोरी हुने सम्भावना छ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक ठाउँमा धन खर्च बढ्न सक्छ ।

**कर्कट** :- बुद्धि र विवेकको प्रयोग गर्न सके आजको दिनलाई सकारात्मक बनाउने समय छ । वित्तिय संस्थाबाट सहयोग मिल्नेछ । स्वादिष्ट भोजन पाईनेछ ।

**सिंह**:- वाक्चतुर्याईँले संकल्प सिद्ध हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । कीर्तिमानी काम गर्ने समय छ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**कन्या** :- नयाँ कामको थालनी हुनेछ । काम गर्ने जोश जाँगर र उमङ्ग बढ्नेछ । चिताएको कामले तीव्रता लिनेछ । वैदेशिक कार्य विस्तारै अघि बढ्नेछ ।

**तुला** :- शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ । अवसर गुम्न सक्ने र कार्य सम्पादनमा समस्या आउला । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**वृश्चिक** :-शुभचिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । घरमा अतिथीको आगमन हुनेछ । पुरानो समस्या सुल्झाउन सकिनेछ । सन्तान सुख मिल्नेछ ।

**धनु** :- आज धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । दिनको उत्तरार्धमा अधिक धन पनि खर्च हुनसक्छ ।

**मकर**:- आँटेको र ताकेको कार्य पुरा होला । टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । प्रेममा मधुरता छाउनेछ ।

**कुम्भ**:- कार्यसिद्धि हुने अवसर मिल्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । नयाँ-नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । कृषी कार्यमा सफलता मिल्नेछ ।

**मिन** :- मनमा उत्साहका साथै बोली विक्ने समयछ । साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ । नयाँ जिम्मेवारी पाइएला ।

# लागूऔषधसहित गोलबजारबाट दुई पक्राउ



**लहान ।** प्रहरीले लागुऔषध सहित दुई जनालाई सिरहाको गोलबजारबाट पक्राउ गरेको छ ।

प्रदेश प्रहरी कार्यालय जनकपुर र इलाकाप्रहरी कार्यालय गोलबजारको संयुक्त टोलीले चेकजाँचको क्रममा दुवै जनालाई बिहिबार लहानतर्फ जाँदै गर्दा पक्राउ गरेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा गोलबजार नगरपालिका २ का २२ वर्षीय राकेश कुमार साह र मिर्चैया नगरपालिका-८ का २७ वर्षीय अनिल शर्मा रहेको प्रहरीले जनाएको छ । स७प ५७१२ नम्बरको पल्सर र स १० प ५५२२ नम्बरको एफजेडएस मोटरसाइकलमा उनीहरू लागूऔषध बोकेर लहानतर्फ गइरहेको थियो । उनीहरूको साथबाट प्रहरीले नाइट्रोभेट ट्याब्लेट १४ सय ९७ पीस, स्पासमोप्रोक्सन ४८ पीस, फेनारगन ४५ पीस, नोफिनइन्जेक्सन ४५ पीस, डाइजीपाम ४५ एम्पुल र डाइलेक्स डिसी ३४ बोतल लागुऔषध बरामद गरेको छ ।

# मिर्चैयाका नयाँ डिएसपी श्रेष्ठ भन्छन् : 'प्रहरी मेरो साथी' नारालाई पूर्णत व्यवहारमा लागू गर्छु'

## प्रलोभनमा पर्ने र अपराधीलाई उन्मुक्ति दिने मेरो डायरीमा छैन

**बिनय यादव**

**मिर्चैया ।** इलाका प्रहरी कार्यालय मिर्चैयाका नयाँ प्रहरी नायव उपरीक्षक (डिएसपी) राजेन्द्र श्रेष्ठले नेपाल प्रहरीको 'प्रहरी मेरो साथी' अभियानलाई पूर्णत व्यवहारमा लागू गर्ने बताएका छन् ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विद्यालय महाराजगंज, काठमाडौंबाट सरूवा भएर इन्चार्जको रूपमा मिर्चैयामा आएका डिएसपी श्रेष्ठले प्रहरी नागरिकको साथी हो भन्ने कुरा सबैलाई अनुभूती गराउने बताएका हुन् । नागरिकको सुरक्षा नै आफ्नो मुख्य उद्देश्य भएको उनले बताए । शान्ति सुरक्षा विना विकास पनि असम्भव रहेको भन्दै आफ्नो सपना नै अपराध रहित समाज भएको उनी बताउँछन् । उनले नागरिकलाई सुरक्षा दिने विषयमा आफूले कुनै कसर बाँकी नराख्ने बताए । यहाँ शान्ति सुरक्षा दिने विषयमा कुनै सम्झौता नहुने र स्थानीय निकाय तथा नागरिकसँग मिलेर अघि बढ्ने उनले बताए ।

डिएसपी श्रेष्ठले आफू अहिले यहाँ नयाँ भएकाले यहाँको बारेमा घुलमिल हुन केही समय लाग्ने भएता पनि यस क्षेत्रमा हुने अवैध क्रियाकलाप रोक्न आफू पूर्ण रूपमा लाग्ने बताए । उनले विभिन्न श्रोतबाट आएको गुनासोलाई सम्बोधन गरेर अगाडि बढ्ने बताए ।

कानुनभन्दा माथि कोही पनि नभएकाले दोषी र अपराधिक क्रियाकलापमा संलग्न जोसुकैलाई पनि नछोड्ने उनले बताए । अप्ठ्यारा अपरेशन र गहन अनुसन्धानमा दख्खल मानिने उनी प्रलोभनमा पर्ने र अपराधीलाई उन्मुक्ति दिने कुरा आफ्नो डायरीमा नभएको बताउँछन् ।

'म यहाँ काम गर्न आएको ह', मलाई कुनै लोभ लालचा छैन । गुण्डागर्दी, तस्करी, कालोबजारी गर्नेलाई म छोड्दिन । मेरो संगठन भित्र कसैले गलत गर्छ भने त्यसलाई पनि म कारवाही गर्छु,' डिएसपी श्रेष्ठले भने, 'कुनै अपराध गरिरहेको व्यक्तीले शिर ठाडो बनाएर हिंडेको म हेर्न सक्दिन । सबैले मलाई साथ दिनुहोस्, म सामाजिक अपराध, आर्थिक अपराध हरेक खाले अपराध नियन्त्रण गरेर देखाउँछु । कसैका छोराछोरी कुलतमा फेसका छन् भने कुलतबाट जोगाउन मद्दत गर्छु ।'

डिएसपी श्रेष्ठले शान्ति, सुरक्षाको प्रत्याभूती दिलाउनु आफ्नो पहिलो कर्तब्य रहेको बताउँदै कानुन भन्दा बाहिर जाने जो कोही पनि आफूबाट उम्कन नपाउने बताए । आफूले यहाँ तत्कालै गर्नुपर्ने कामको कार्यतालिका समेत बनाइसकेको उनले जानकारी दिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान- | ७०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमै गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# मोटरसाइकल र बस ठोक्किदा दुई जनाको मृत्यु

**लहान ।** पूर्वपश्चिम राजमार्ग अन्तर्गत सिरहाको कर्जन्हा नगरपालिका–१० प्रयागपुरमा मोटरसाइकल र बस एकआपसमा ठोक्किदा शुक्रबार बेलुकी सिरहामा दुई जनाको मृत्यु भएको छ ।

ईलाका प्रहरी कार्यालय मिर्चैयाका अनुसार पुर्वपश्चिम राजमार्ग अन्तर्गत प्रयागपुरमा मोटरसाइकल र यात्रुवाहक बस ठोक्किदा मोटरसाइकलमा सबार धनुषा सबैला नगरपालिका–१३ का सचिन महतो र सुशिल महतोको मृत्यु भएको हो ।

धनुषाबाट पूर्वतर्फ ज ८ प ६४८४ नम्बरको मोटरसाइकल चलाउँदै जन्ती गइरहेको बेला विपरित दिशाबाट तीब्र गतिमा आइरहेको ना ५ ख ५२५४ नम्बरको यात्रुवाहक बसले ठक्कर दिँदा महतोद्वयको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार ठक्कर दिने बसलाई धनुषाको ढल्केबरबाट पक्राउ गरिएको छ ।

## सिरहाको ...

जानकारी दिए । उनका अनुसार सिरहाको कर्जन्हादेखि बन्दीपुरसम्म पूर्वपश्चिम राजमार्गको उत्तर खण्डको करिब तीन किलोमिटर क्षेत्रमा हात्ती बस्तीमा गएर घर भत्काउने, अन्नबाली नष्ट गरी स्थानीयवासीलाई त्रसित बनाएको छ ।

उक्त क्षेत्रमा हात्ती हिंड्ने परम्परागत रूट भएकाले पनि हात्तीले बर्सेनि दुःख दिने गरेको छ । त्यस क्षेत्रमा कतिपयले घरटहरा बनाएका छन् । हात्तीलाई नुन र रक्सी बनाउन प्रयोग गरिने सामग्री आदि मनपर्ने भएका कारण गाउँमा हात्तीले आक्रमण गरेको हुनसक्ने अनुमान गरिएको छ ।

हात्तीलाई नुन मनपर्ने आहारा भएकाले नुन खोज्न तथा रक्सी बनाउन प्रयोग गरिएका सामग्रीको गन्धले पनि हात्तीले दुःख दिने गरेको स्थानीय प्रशासनले जनाएको छ । हात्तीको आतंक रोक्न नुन भण्डारण नगर्न, रक्सी चुहावट नगर्न तथा केराको बोट नराख्न स्थानीय सरकार र प्रहरी प्रशासनले उर्दी जारी गरिसकेको छ ।

डिभिजन वन कार्यालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीले ढ्याङ्ग्रो ठट्टाउने, पटका पड्काएर सुरक्षित तवरले हात्ती धपाउने कार्य भइरहेको प्रजिअ कणेलले बताए ।

जिल्लामा हात्तीले हालसम्म दुई दर्जनभन्दा बढी घर भत्काउनाका साथै धेरैको अन्नबाली नष्ट गरेको छ । मानवीय क्षति भने भएको छैन । विगत २५ दिनदेखि हात्तीको समूहले विभिन्न स्थानमा दुःख दिइरहेको छ ।

कोशी टप्पु राष्ट्रिय निकुञ्ज वा झापा र सुनसरीबाट हात्ती आएको हुनसक्ने प्रशासनले जनाएको छ । झापा, सुनसरी, उदयपुर, सिरहा हुँदै अहिले कमलानदी किनारमा हात्ती पुगेका छन् ।

**दिनहुँ घर भत्काएर धान चामल खाँदै**

पछिल्लो एक साताभन्दा बढी दिनदेखि सिरहामा जंगली हात्तीले आतंक मच्चाएको छ । सिरहाको गोलबजार नगरपालीका–१० धर्मपुरक्षेत्रमा गत पुस २९ गतेदेखि निरन्तर गाउँ पसेर घरहरू भत्काईरहेका छन् । गाउँ नजीकैको सातपत्रे जंगलमा दिभरी बस्ने रात परेपछि गाउँ पसेर घरहरू भत्काउने गरेका छन् ।

दिनहुँ गाउँ पसेर घरहरू भत्काउने र अन्न बाली खानथालेपछि गाउँका युवाहरू जाग्राम बस्ने गरेपनि त्यो क्रम नरोकिएको स्थानीय अमिता लामाले बताइन् । युवाहरू रातभरी गाउँको गौडा गौंडामा आगो बालेर पहरा दिएर विहानीपख सुत्न गएपछि तीन बजेतिर स्थानीय राजगीर मरिक र छिरिङ्ग लामाको घर भत्काएर दाल चामल नष्ट गरेको छ । मरिकले छोरीको विवाहको लागि ठिक्क पारेको ५० केजी चामल र दाल नै हात्तीले सखाप पारिदिएको बताए ।

गाउँ देखि पर आँप बगैचासँगै जोडिएर घर रहेको मरीक परीबार हात्तिको डरले गाउँको सामुदायीक भवनमा सुत्न गएका थिए । घरमा कोही नभएकाले मानविय क्षति हुनबाट बचेको मरिकले बताए ।

हात्तीले पछिल्लो १० दिनको अवधिमा गोलबजार नगरपालिका–१० धरमपुरका कुमार मोक्तान, सुकुमायाँ लामा, फूलमती तामाङ्ग, तिलप्रसाद तामाङ्ग, सृजना लामासहितको एक दर्जन घरहरू भत्काएका छन् । बारीमा किसानले लगाएको आलु समेत खाने र नष्ट गर्ने गरेको स्थानीय ४० वर्षिय भिमबहादुर थापाले बताए ।

स्थानीयले हात्तीले गाउँमा आतंक मञ्चाएपनि स्थानीय प्रहरी प्रशासनले नसघाएको बताए ।

यता डिभिजन वन कार्यालयले लहान, धनगढीमाई नगरपालीका, मिर्चैया, गोलबजार र कर्जन्हा नगरपालीकाका उत्तरी गाउँहरूमा जंगली हात्ती आएको दिनदेखिनै पटाका पड्काएर धपाउने कार्य गरिरहेको जनाएको छ ।

हामीले पटाका पड्काएर धपाएपनि ३/४ वटा समूहमा रहेका हात्तीले कहिले यो गाउँ त कहिले अर्को गाउँमा पसेर दुःख दिईरहेको वन कार्यालयले जनाएको छ ।

## थारु साहित्यके...

स्थापना हुइल थारू एराउण्ड वर्ल्ड २०६८ फागुनमे नेपालगञ्जमे ३ दिने थारू अन्तर्राष्ट्रिय सम्मेलन कैले रहे । मने इ थारू साहित्यिक दस्तावेज निर्मान बारे कौनो आवाज नै उठाइल ।

डब्लडब्लुडब्लु डट थारूवान डट कम, पहुरा डटकम, हमार पहुरा डट कम, हिरगर साहित्यिक डटकम हस अनलाइनमे थारू रचना कुछ हदसम ठाउँ पैले बा । मने इ पर्याप्त नैहो । आश्विनी कोइरालाके सम्पादनमे अइटि रहल साहित्यपोस्ट डटकममे उपन्यास धाराबाहिक रूपमे अपलोड हुइटि बा । ओस्हक थारू साहित्यकारलोगनके साझा प्रयासमे थारू साहित्यिक अनलाइनके खाँचो बा, जेम्ने उपन्यास धाराबाहिक रूपमे लग्ढारे छापे सेक्जाए ।

थारू साहित्यके सिर्जनामे सामुहिक प्रयासके अभाव बा । २०७३ बैशाख ३ ओ ४ गते दाङमे थारू साहित्यिक सम्मेलन सुरू होके चार सिरिंखला पार कर सेकल । २०७६ मे विराटनगरमे हुइना पाँचवा कार्यक्रम कोरोनाके कारन हुइ नैसेकल । २०७७ सालमे फेन हुइना सम्भावना कम बा । ओहेसे भर्चुअल माध्यमसे फेन उपन्यास लगायत आख्यानके बारेम बहस जरूरि बिल्गाठ । संघीय राजधानी काठमाडौंमे थारू साहित्य केन्द्रित कार्यक्रम लग्ढारे हुइलेसे फेन स्रस्टालोगनके बृद्धि हुइ नै सेकल हो । निडाइल मनैन्हे जगाइ सेक्जाइठ, मने निडाइल भेख ढारल मनैन जगैना कर्रा बा । खिस्साके बखारि उपन्यास हस बिधा निडाइल मनैन्हे जगैना एकठो बल्गर माध्यम हो । चाहे जौन बिधामे लागल स्रस्टन प्रोत्साहन पुरस्कारके अभाव बा । अभिन सम फलाना उपन्यासकारहे फलाना उपन्यासके लग पुरस्कार डेगैल कना कौनो समाचार सुने मिलल् नैहो । अट्रा हुइटि हुइटि फेन थारू युवा स्रस्टनके चाहना साहित्यमे मुखरित हुइ भिरल बा । प्राथमिक स्कुल तहमे थारू मातृभासामे पठनपाठनके अभियानहे बल्गर ढंगले लैजाइ सेक्लेसे किल थारू लगायत आउर भासाके उचाइ सगरमाथाके उचाइ बढ्हेहस बढ्हे सेकि । ओकर लग लर्कापर्कन केन्द्रित बालउपन्यास फेन जरूरि बिल्गाठ । थारू गजलमे समुन्डरके छाल उठेहसं आख्यानके खोल्ह्वासम बहना जरूरि बा । जय गुर्वावा ।


## पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि.

लहान न.पा.–१८, अमही (सिरहा)
शाखा कार्यालय लहान –६, नयाँ बजार

### कर्मचारी आवश्यकता

**यस पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि. लहान–१८, अमही (सिरहा) को लागि निम्न अनुसार कर्मचारी आवश्यक परेको हुँदा योग्य र इच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र १ प्रति फोटो सहित ७ दिन भित्र आवेदन आव्हान गरिन्छ ।**

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | तलब/भत्ता |
|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | ५ | एस.एल.सी./ + २ पास/सो सरह | संस्थाको नियम अनुसार सेवा सुविधा प्रदान गरिने छ। |

**सम्पर्क :– ९८५२८३१९११, ९८०३८४९८५८, ९८४२८२४६५६**

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)